अपाङ्गता भएका व्यक्तिको ३४ औं अन्तर्राष्ट्रिय दिवसको

<u>शुभकामना सन्देश</u>

अपाङ्गता भएका व्यक्तिको ३४ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरू, यस क्षेत्रका सक्रिय सरकारी तथा गैर-सरकारी संघ-संस्था एवम् सबै नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा अपाङ्गता भएका व्यक्तिको सम्मानित र आत्मसम्मानपूर्ण जीवन यापनमा सबैको तर्फबाट योगदान गर्न सकौं भनी हार्दिक शुभकामना व्यक्त गर्दछु। सन् १९९२ मा संयुक्त राष्ट्र संघद्वारा डिसेम्बर ३ लाई विश्वभर अपाङ्गता भएका व्यक्तिहरुको दिवसको रूपमा हरेक वर्ष मनाउने प्रस्ताव पारित गरे पश्चात मनाउन प्रारम्भ गरिएको अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवसलाई निरन्तर रुपमा मनाउदै आइरहेका छौं। यस वर्ष ३४ औं दिवसको रुपमा मनाइरहेका छौं। संयुक्त राष्ट्रसंघले यस वर्षका लागि **"Fostering disability inclusive societies for advancing social progress"**अन्तर्राष्ट्रिय नारा तय गरेको छ। यसै सन्दर्भमा नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले **"अपाङ्गता समावेशी समाजको प्रवर्द्धनः सामाजिक उन्नतिको संवर्द्धन"** भन्ने यस वर्षको मूल राष्ट्रिय नारा तय गरी राष्ट्रिय अपाङ्ग महासंघसँगको सहकार्यमा अपाङ्गता भएका व्यक्तिको हक, अधिकार संरक्षण र सम्वर्द्धनका लागि विभिन्न कार्यक्रमहरु आयोजना गरी दिवस मनाउने कार्यक्रम रहेकोछ।

नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ मा अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गताको आधारमा कुनै पनि भेदभाव नगरिने गरी अधिकारको सुनिश्चित गरिएको छ। नेपालले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी अन्तरार्ष्ट्रिय महासन्धि २००६ लाई २००९ मा अनुमोदन गरी कार्यान्वयन गरिरहेको छ। अपाङ्गता भएका व्यक्तिसम्बन्धी राष्ट्रिय नीति,२०८० अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धी ऐन, २०७४, नियमावली, २०७७ र पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९ तथा हेरचाहसम्बन्धी आधारभूत तालिम सञ्चालन स्रोत पुस्तिका, २०८० आदि मार्फत अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने प्रयास गरिएको छ।

अपाङ्गता भएका व्यक्तिलाई मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको पूर्ण उपभोग गर्न सक्षम तुल्याउन उनीहरुको शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक अधिकारसमेतका क्षेत्रमा सशक्तीकरण गर्दै संघ, प्रदेश र स्थानीय तहको सहकार्य र साझेदारीमा एकिकृत कार्यक्रम सञ्चालन भईरहेका छन् र यस्ता कार्यक्रमलाई सघन बनाउन मन्त्रालय प्रयासरत छ।

अपाङ्गता भएका व्यक्तिहरुलाई परिवार र समाजमै पुनर्स्थापना गर्ने र राज्यले आधारभूत सेवा उपलव्ध गराउने सरकारको नीति हो। यी विषयलाई सामाजिक सुरक्षा र संरक्षणको एकिकृत संजाल (safety net) भित्र ल्याउन मन्त्रालय प्रयासरत छ। अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता र नेतृत्व सुनिश्चित गर्न सशक्तिकरणको आवश्यकता रहेको छ। यसका लागि नेतृत्व विकास र अवसरमा प्रारथमिकता दिने नीति लिइएको छ। नेतृत्व विकासका लागि पहुँचको आवश्यकता र पहुँचका लागि सहायक सामाग्रीहरु, सहयोगी सेवा, पहुँचयुक्त पूर्वाधार निर्माण जस्ता विषयहरु प्राथमिकतामा राखी काम भईरहेको छ। क्षमता, स्रोतको उपलव्धता र आवश्यकता बीचमा सन्तुलन कायम गरी अपाङ्गता भएका व्यक्तिको अधिकार सुनिश्चित गर्ने दिशामा हामी सबैको सहकार्य आवश्यक पर्दछ। हालसम्म प्राप्त भएका उपलव्धीहरुको संरक्षण गरी थप उपलव्धी प्राप्त गर्ने दिशामा हामी सबैलाई सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्दै ३४ औं अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा सबैलाई हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०८२/८/१७ (३ डिसेम्बर २०२५)
ने.सं. ११४६ थिंलाथ्वः १३, बुधवार

लक्ष्मी कुमारी बस्नेत
सचिव